**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २४ नोभेम्बर २०२३

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- प्रधानमन्त्री  नरेन्द्र मोदीले राजनीतिक पृष्ठभूमि नभएका परिवारका युवालाई राजनीतिमा आउन आग्रह गर्नु भएको छ।
- भोलिदेखि सुरु हुने संसदको शीतकालिन सत्रमा कुनै पनि विषयमा चर्चा गर्न सरकार तयार रहेको संसदीय मामिलामन्त्री किरण रिजिजुले बताउनु भएको छ।
- आर जी कर घटनाबाट सीख लिंदै कोलकाता पुलिसले ठुलो पाइला चाल्दै असामान्य मृत्युहरूका पोस्टमोर्टमको लागि चलान अनिवार्य गरेको छ।
- खरसाङको ब्लुमफिल्ड पुस्तकालय भवनमा असीत राई साहित्यिक मञ्चले आज साहित्यकार असीत राईको ८४ औँ जन्म जयन्ती मनाएको छ।
- रिम्बिक ट्रेल रनर्सका धावक सोम बहादुर थामी अनि हेमन्त लिम्बुले ब्रुट ४५० दौडमा नयाँ कीर्तिमान बनाएका छन्।

**प्रधानमन्त्री-मन की बात**

प्रधानमन्त्री  नरेन्द्र मोदीले राजनीतिक पृष्ठभूमि नभएका परिवारका युवालाई राजनीतिमा आउन आग्रह गर्नु भएको छ। आकाशवाणीबाट मन की बात कार्यक्रमको ११६ औं संस्करणमा श्री मोदीले यस्तो एक लाख युवाहरूलाई राजनीतिसँग जोड्न देशमा धैरै विशेष अभियानहरू सञ्चालन गरिने बताउनु भयो। श्री मोदीले अर्को वर्ष स्वामी विवेकानन्दको १६२ औं जन्म जयन्तीमा दिल्लीमा विकसित भारत युवा नेतृत्व संवाद आयोजना गर्ने घोषणा गर्नु भयो। देशले हरेक वर्ष १२ जनवरी स्वामी विवेकानन्दको जन्मजयन्तीमा युवा दिवस मनाउँछ। यो संवादमा देशभरीका करोडौं युवा सहभागी हुने प्रधानमन्त्रीले बताउनु भयो। गाउँ, ब्लक, जिल्ला अनि राज्यबाट छनोट गरिएका दुई हजार युवाहरू संवादका लागि दिल्लीको भारत मण्डपममा सहभागी हुनेछन्। प्रधानमन्त्रीले समाजका लागि निस्वार्थ भएर काम गर्ने युवाको कुरा गर्नु भयो।

****** ० ******

**सर्वदलीय बैठक**

संसदीय मामिला मन्त्री श्री किरेण रिजीजूले भन्नुभयो, भोलिदेखि शुरू हुन गइरहेको संसदको शीतकालीन सत्रमा सरकार कुनै पनि मुद्दामाथि चर्चा गर्न तयार रहेको छ। नयाँ दिल्लीमा सर्वदलीय बैठक पछि संचारकर्मीहरूसित कुराकानी गर्नुहुँदै श्री रिजीजूले विरोधी दलहरूसित लोक सभा अनि राज्य सभाको कार्य सुचारू ढंगमा चल्न दिने आग्रह गर्नुभयो। यसअघि सर्वदलीय बैठकलाई रक्षा मन्त्री राजनाथ सिंहले अध्क्षता गर्नुभएको थियो। केन्द्रीय मन्त्री अनुप्रिया पटेल, एल. मुरूगन, बी.जे.डी, समाजवादी पार्टी, एम.डी.एम.के, कंग्रेसका नेता अनि अन्यले सर्वदलीय बैठकमा भाग लिएका थिए। शीताकालीन सत्र भोलिदेखि शुरू भएर २० दिसम्बरसम्म चल्नेछ भने २६ नवम्बरको दिन संविधान दिवसको अवसरमा कुनै बैठक हुने छैन।

****** ० ******

**आर.जी.कर - चालान**

आर.जी. कर घटनाबाट सीख लिँदै कोलकाता पुलिसले ठुलो पाइला चाल्दैए असामान्य मृत्युहरुका पोस्टमार्टम को लागि अब चालान अनिवार्य गरेको छ। कोलकाता पुलिस मुख्यालय लालबाजारको तर्फबाट सबै पुलिस स्टेशनहरुलाई विशेष रूपले सतर्क पारिएको छ। जांच गर्ने पुलिसकर्मीले चालानको दुइ प्रतिहरु बनाउन पर्नेछ। एक प्रति अस्पताललाई दिइनेछ भने दोस्रो मृतक को परिवारलाई दिइनेछ।

****** ० ******

**फायर आर्म सीज्ड**

पश्चिम बंगाल पुलिसको एस.टी.एफ-ले पश्चिम बर्द्धमानको कुल्टीबाट भारी मात्रामा आग्नेयास्त्र अनि कार्तूस जफ्त गरेको छ। यो खोजी अभियान गुप्त सूचनाको आधारमा कुल्टी थाना अन्तर्गत राष्ट्रीय राजमार्ग १९ मा शनिबार बेलुकी

चलाइयो। यस अवधि पुलिसले दुइ व्यक्तिहरूलाई पक्राउ गरेको छ। दुवै मुर्शिदाबादका निवासी हुनू। प्राप्त जानकारी अनुसार यस अभियानमा १० आग्नेयास्त्र अनि ५४ वटा कार्तूस जफ्त गरियो। यस छापामारीमा मुर्शिदाबादका दुइ निवासीसहित एक चारचक्के वाहन अनि चालकलाई पनि पक्राउ गरियो। आज दुवै आरोपीलाई आसनसोल जिल्ला अदालतमा पेश गरियो। यस अभियानमा राज्य पुलिसलाई बंगाल-झारखण्ड सीमा क्षेत्रमा अवैध हथियार तस्करी समूह विरूद्ध ठूलो सफलता प्राप्त भएको छ।

****** ० ******

## सरस मेलामा कानूनी सचेतना कार्यक्रम

पश्चिम बङ्गाल सरकार द्वारा आयोजित सरस मेला अवधी जिल्ला कानूनी सेवा प्राधिकरण (डी एल एस ए) को आयोजना साथै आइसीडीएसको सह आयोजनामा आज दार्जीलिङ्गको चौरस्तामा एउटा कानूनी सचेतना कार्यक्रम सम्पन्न गरियो। प्यारा लीगल भोलिन्टियर रीना राया को पहलमा गरिएको यस सचेतना कार्यक्रममा पुलबाजार बिजनबारी आइ सी डी एसका कर्मीहरु लगायत विभिन्न जनमानसको उपस्तिथी रहेको थियो। डी एल एस ए का रिटेनर वकील जयन्ती देवान लगायत पीएलवि रीना रायाले उपस्थित जनमानसलाई उनीहरुले पाउने कानुनी सहुलियत साथै सुबिधाहरु बारे अवगत गराउनका साथै विभिन्न कानूनी सहायताहरुबारे जानकारी गराउनु भयो। कार्यक्रममा आइ सी डी एस पर्यवेक्षक गायिका डेजी बराइली लगायत आइ सी डी एस का जिल्ला कार्यक्रम अधिकृत सोम नाथ कुण्डू आदिको उपस्थिति रहेको थियो।

****** ० ******

## रोहिणी प्याराग्लाइडिङ

रोहिणी प्याराग्लाइडिङ एण्ड एडभेञ्चर एसोसिएसनले पर्यटकहरूको लागि रोहिणीमा लञ्च स्पट सञ्चालन सुरु गरेको छ। कार्यक्रममा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको मातृ तथा शिशु कल्याण विभागकी कार्यकारी सभासद अनि क्षेत्रीय सभासद कल्पना प्रधान विशेष रूपमा उपस्थिति रहेको थोयो। सभासद प्रधानले रोहिणी क्षेत्रका एडभेञ्चर टुरिज्म स्थलहरूको निरीक्षण गर्नु भयोए जसमा एटीभी राइडिङ स्थलए लेप्चा खोलामा रहेको पुलए अनि नयाँ लञ्च स्पट समावेश थिए। उनले क्षेत्रको विकासलाई थप प्रोत्साहन दिने प्रतिबद्धता जनाउनु भयो।

****** ० ******

## असीत राई जन्मजयन्ती

खरसाङको ब्लुमफिल्ड पुस्तकालय भवनमा असीत राई साहित्यिक मञ्चले आज साहित्यकार असीत राईको ८४ औँ जन्म जयन्ती मनाएको छद्यकार्यक्रम मञ्चका अध्यक्ष ऋषि राईको नेतृत्वमा सम्पन्न भयोए जसमा वरिष्ठ साहित्यकार कमल भण्डारीए लेखक विनोद प्रकाश शर्माए अनि गोर्खा जन पुस्तकालयका अध्यक्ष रवीन कुमार प्रधानलगायत उपस्थित थिए। लेखक लाशा शेर्पालाई साहित्यमा योगदानका लागि सम्मान गरियो। कार्यक्रममा कविहरूले स्वरचित कविता वाचन अनि पदम खातीले गीत प्रस्तुत गरेका थिए।

****** ० ******

## रोजगारमूलक कार्यक्रम

कारगिल एनजीओले घैयाबारीका शिक्षित युवालाई लक्षित गरी रोजगारमूलक कार्यक्रम आयोजना गरेको छ। घैयाबारी भूतपूर्व सैनिक वेलफेयर सोसाइटी अनि धुपगढीस्थित प्रथम मल्टी स्किलिङ ट्रेनिङ सेन्टरको सहकार्यमा यो कार्यक्रम भएको हो। प्रथम ट्रेनिङ सेन्टरका प्रतिनिधिहरूले युवाहरूलाई योग्यता अनुसार नि:शुल्क ट्रेनिङको व्यवस्था गरिने तथा रोजगारका अवसर प्रदान गरिने बताउनु भयो। प्रथम मल्टी स्किलिङ ट्रेनिङ सेन्टर नेशनल स्किल डेभलपमेन्ट को-ऑपरेशनसँग मिलेर काम गरिरहेको छ।

****** ० ******

## फीस्ट अफ क्राइस्ट खर्सांग

सेन्ट जोन बर्चम्यान पेरिस अनि सेन्ट पल्स पेरिसको रोमन क्याथोलिक समुदायका विश्वासीहरूले आज क्राइस्ट द किंगको पर्व मनाउन सन्त अल्फंसस स्कूलबाट पवित्र जुलुस निकालेका थिए। पवित्र जुलुसले खर्सांग नगर परिक्रमा गर्दै फेरी स्कूलमा आएर टुंगिएको थियोद्य फादर एन्ड्रयूको पवित्र मिस्सा पछि प्रेम भोजको आयोजना गरिएको थियो। झेपी ग्राम कांकेबुङको सन्त

म्यारिज क्याथलिक चर्चको आयोजनामा अनि रिम्बिक कैजले चर्चको सहयोगमा ख्रीष्ट राजाको पर्व कैजलेमा मनाइएको छ। पल्ली पिता फादर अरुण प्रधानको नेतृत्वमा आयोजित कार्यक्रममा तीनवटै चर्चका पदाधिकारी तथा सर्वसाधारणको उपस्थिति थियो। बृहत् ऱ्यालीका साथ ख्रीष्ट इशुले मानव जातिका लागि गरेको बलिदानबारे विशेष चर्चा गरिएको थियो। यो पर्व १९२५ मा २२ औं पोपले भौतिकवादविरुद्ध ख्रीष्टलाई विश्वको राजा घोषणा गर्दै सुरु गर्नु भएको थियो।

****** ० ******

**प्रधाननगर पुलिस**

प्रधाननगर थानाको पुलिसले आपराधिक घटनालाई परिणाम दिन अघि नै पाँचजना उपद्रवीहरूलाई पक्राउ गरेको छ। पक्रा पर्ने आरोपीहरु सिलगढ़ी निवासी हुन्। सूत्र अनुसार हिजो राती प्रधाननगर थानाको पुलिसले गुप्त सूचनामा रेगुलेटेड मार्केट क्षेत्रमा अभियान सचालन गरी पाँचजना उपद्रवीहरूलाई पक्राउ गऱ्यो। यी उपद्रवीहरूबाट पुलिसले ठूलो संख्यामा हतियार जफ्त गरेको छ। प्रधाननगर थाना पुलिस अग्रिम कारबाहीमा जुटेको छ।

****** ० ******

**रिम्बिक ट्रेल रनर्स**

रिम्बिक ट्रेल रनर्सका धावक सोम बहादुर थामी अनि हेमन्त लिम्बुले ब्रुट ४º० दौडमा नयाँ कीर्तिमान बनाएका छन्। अरुणाचल प्रदेशको बसारमा आयोजित यो ६० किमी दौडमा सोम बाहादुरले ६ घण्टा १९ मिनेटमा पहिलो स्थान तथा हेमन्तले ७ घण्टा ६ मिनेटमा दोस्रो स्थान हासिल गरेका छन्। प्रशिक्षक मंगिया खाम्बाछेको नेतृत्वमा यी धावकहरूले यो उपलब्धि प्राप्त गरेका हुन्। उनीहरूले आफ्नो प्रशिक्षकप्रति आभार व्यक्त गर्दै युवाहरूका लागि प्रेरणा बनेका छन्।

****** ० ******

**मैत्रीपूर्ण फुटबल**

गान्तोकको पाल्जोर स्टेडियममा आज अखिल भारतीय ४० औँ राज्यपाल स्वर्ण कप अन्तरराष्ट्रिय फुटबल प्रतियोगिता २०२४ को ग्रान्ड फिनाले भन्दा अघि मुख्यमन्त्री एकादश, सिक्किम र जीटीए एकादश, दार्जिलिङमाझ एक मैत्रीपूर्ण फुटबल खेल सम्पन्न भयो। मुख्यमन्त्रीले टिम क्याप्टेनको रूपमा मुख्यमन्त्री एकादश, सिक्किमको नेतृत्व गरेका थिए।

****** ० ******

**आर्थिक सहयोग**

हिमालयन ट्रान्सपोर्ट को-अर्डिनेसन कमिटी दार्जीलिङले तिहार अघि राईभिल्लामा वाहन दुर्घटनामा परि घाइते हुने नानीको परिवारलाई आर्थिक सहयोग प्रदान गरेको छ। आज को-अर्डिनेसन कमिटी दार्जीलिङको कार्यकारी सदस्यहरुको एक सभाबीच सगठन अधिनस्त ४४ वटा सेन्डिकेटबाट संकलित एक लाख चौबीस हजार रकम हस्तान्तरण गरिएको छ। स्मरण रहोस तिहारको समयमा दार्जीलिङको राईभिल्लामा वाहन दुर्घटनामा परेर दुई जानाको मृत्यु भएको थियो भने एक जाना नानी गम्भीर रूपमा घाइते भएको थियो। घाइते नानीको आर्थिक अवस्था कमजोर रहेको जनाउदै तीन माईल समाजद्वारा हिमालयन ट्रान्स्पोर्ट को-अर्डिनेसन कमिटीलाई आर्थिक सहयोगको अपिल गर्दै पत्राचार गरिएको थियो। यसका साथै कमिटीले आगामी दिनमा पहाडको ट्राफिक समस्याए पर्यटकको आगमनमा कमि अनि टाईगर हिलको कुपन एंव अन्य समश्याहरु लिएर जीटीएको सम्बन्धित निकाय हरुलाई भेटने निर्णय लिएको छ।

****** ० ******

************